**मिति २०८२ असार ५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. साझेदारी रकम निकासा गर्ने सम्बन्धमा ।
४.साख चालिसे मिल कुलो मर्मत सम्बन्धमा ।
५. बन्यजन्तु हेरालु सम्बन्धमा ।
६. ठेक्का संझौताको म्याद थप गर्ने सम्बन्धमा ।

### मिति २०८२/०३/०५ गतेको सत्रौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई दफाबार छलफल गरी गाउँसभाको १८ औं अधिबेशनको पहिलो बैठकमा पेश गर्न स्वीकृत प्रदान गर्ने । |
| ३. | (क) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको च.नं. १८०४ मिति २०८२/०२/२८ को पत्रबाट ९६२ थान विद्युतिय चुलोको लागत साझेदारी रकम रु. १० लाख ७८ हजार १ सय ४६ रुपैया ११ पैसा जम्मा गर्न पत्राचार भएकोले सो रकम लागत साझेदारीमा विद्युतिय चुलो वितरण कार्यक्रम शिर्षकबाट निकासा गर्ने ।<br>(ख) नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय सडक बत्ती प्रबद्धन आयोजनाको च.नं. २५७ मिति २०८२ असार ५ को पत्र अनुसार साझेदारीमा स्मार्ट सडक बत्ती जडान कार्यको लागि गाउँपालिकाबाट साझेदारी गर्नुपर्ने रकम रु. ९ लाख ९९ हजार ३ सय ७५ रुपैया लागत साझेदारीमा स्मार्ट सडक बत्ती जडान शिर्षकबाट उक्त आयोजनाको बैंक खातामा रकम जम्मा गरिदिने । साथै बलेटक्सार र रिडी बजारको उपयुक्त स्थानमा उक्त सडक बत्ती जडान गर्ने । |
| ४. | अविरल बर्षाको कारण क्षेती भएको साख चालिसे मिल कुलो मर्मतको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. १ लाख विनियोजन गरी भुक्तानी गर्ने । |
| ५. | बाँदर लगायतका बन्यजन्तुहरुबाट किसानको बाली संरक्षण लगायत वडा कार्यालयले दिएका विभिन्न कार्यहरु गर्ने गरी देहाय अनुसारका नागरिकहरुलाई २ महिनाको लागि दैनिक रु. ५००/- का दरले रोजगारी दिने कार्यक्रम अनुसार गाउँपालिकाबाट सूचना प्रकाशन गर्ने ।<br>**देहाय:**<br>वडा नं. १: ७ जना, वडा नं. २: १० जना, वडा नं. ३: ७ जना, वडा नं. ४: ९ जना<br>वडा नं. ५: १२ जना, वडा नं. ६: ९ जना     जम्मा संख्या: ५४ जना |
| ६. | (क) वडा नं. १ मा निर्माणाधिन कोल्डस्टोरको म्याद थपको लागि निर्माण व्यवसायी मैनाचुली-अन्जना-श्रेष्ठ जे.भी, तम्घास, गुल्मीले निर्माणको क्रममा साइटमा कामको विषयमा विवाद भई काम रोकिएको, सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत उजुरी परी काम बन्द भएको, मेसिनरी आईटममा VO गर्नुपर्ने भएको, इष्टिमेटमा पप प्यानल भएता पनि जस्ता राख्नुपर्ने भएकोले VO गर्नुपर्ने आवश्यक देखिएको र विभिन्न कारणले काम समय मै सम्पन्न हुन नसकेकोले म्याद थपको लागि निबेदन पेश भएकोमा सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८२ श्रावण १ गतेदेखी २०८२ चैत्र मसान्तसम्मको लागि म्याद थप गर्ने ।<br>(ख) वडा नं. १ मा निर्माणाधिन १५ शैयाको अस्पतालको म्याद थपको लागि निर्माण व्यवसायी प्राकृतिक पि.टि.आर. अधिकारी राजेश्वरी जे.भी. बाट मिति २०८२ असार २ गते कार्यालयबाट रनिङ्ग बिलको भुक्तानी समयमा नहुदा निर्माण कार्य समयमा सम्पन्न गर्न समस्या भएकोले म्याद थपको लागि निबेदन प्राप्त भएको, संघीय सरकारबाट १५ शैया अस्पतालको लागि समयमा नै रकम प्राप्त नभएकोले कार्यालयले रकम भुक्तानी गर्न नसकेकोले निर्माण कार्यमा ढिलाई भएको हुँदा सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८२ श्रावण १ गतेदेखी २०८३ असार मसान्तसम्मको लागि म्याद थप गर्ने । |